आज मिति २०८१ साल चैत महिनाको २८ गते बिहीबारको दिन बिहानको ०८:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा आ.व.२०८१/०८२ को १२ औं कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो।

<u>उपस्थिती</u>

| क.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २ | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३ | कार्यपालिका सदस्य श्री जय थापा मगर (वडा अध्यक्ष,१ नं. वडा) | सदस्य | |
| ४ | कार्यपालिका सदस्य श्री रामचन्द्र क्षेत्री (वडा अध्यक्ष, २ नं. वडा) | सदस्य | |
| ५ | कार्यपालिका सदस्य श्री प्रचण्डमान सिंह बस्नेत (वडा अध्यक्ष, ३ नं. वडा) | सदस्य | |
| ६ | कार्यपालिका सदस्य श्री सानुवावु श्रेष्ठ (का.वा.वडा अध्यक्ष, ४ नं. वडा) | सदस्य | |
| ७ | कार्यपालिका सदस्य श्री श्याम बहादुर खत्री (वडा अध्यक्ष,५ नं. वडा) | सदस्य | |
| ८ | कार्यपालिका सदस्य श्री शैलेसमान मानन्धर (वडा अध्यक्ष,६ नं. वडा) | सदस्य | |
| ९ | कार्यपालिका सदस्य श्री हरि प्रसाद तिमल्सेना (वडा अध्यक्ष,७ नं. वडा) | सदस्य | |
| १० | कार्यपालिका सदस्य श्री योस कुमार वाईबा (वडा अध्यक्ष,८ नं. वडा) | सदस्य | |
| ११ | कार्यपालिका सदस्य श्री अमृका बलामी (वडा अध्यक्ष,९ नं. वडा) | सदस्य | |
| १२ | कार्यपालिका सदस्य श्री ईश्वरी खत्री | सदस्य | |
| १३ | कार्यपालिका सदस्य श्री भानु विश्वकर्मा | सदस्य | |
| १४ | कार्यपालिका सदस्य श्री प्रकाश विशुंके | सदस्य | |
| १५ | कार्यपालिका सदस्य श्री विद्यालक्ष्मी श्रेष्ठ | सदस्य | |
| १६ | कार्यपालिका सदस्य श्री रमा पहरी | सदस्य | |
| १७ | कार्यपालिका सदस्य श्री लक्ष्मी भण्डारी पौड्याल | सदस्य | |
| १८ | कार्यपालिका सदस्य श्री सुमित्रा विष्ट (के.सी.) | सदस्य | |
| १९ | कार्यपालिका सदस्य श्री सुरेश बस्याल | सदस्य | |
| २० | प्रमुख प्रशासकीय अधिकृत श्री राममणि काफ्ले | सचिव | |

मिति २०८१/१२/२८ गते, बिहीबार आ.ब.०८१/०८२ को नगर कार्यपालिकाको बाह्रौं कार्यपालिका बैठकमा छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

| सि. नं. | विषय | निर्णय भएको व्यहोरा |
|---|---|---|
| २. | कवाडी कर सम्बन्धमा । | यस नगरपालिका क्षेत्राधिकार भित्र संकलन हुने कवाडी सामानहरु ढुवानीमा लाग्ने कवाडी कर संकलन गर्न यस नगरपालिकाको स्थानीय राजश्व परामर्श समितिको मिति २०८१/१२/१९ गतेको सिफारिस बमोजिम आगामी आ.ब.२०८२/०८३ को लागि मू.अ.कर बाहेक रकम रु.११,१६,५००/-(अक्षरुपी रु.एघार लाख सोह्र हजार पाँच सय) मा सूचना प्रकाशन गर्न कार्यालयलाई सिफारिस गर्ने । |
| ३. | प्राकृतिक स्रोत साधन (ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि) ढुवानी गर्ने सवारी साधनबाट । | यस नगरपालिकाको आ.ब. २०८२/०८३ को लागि स्थानीय राजश्व परामर्श समितिको मिति २०८१/१२/१९ गतेको सिफारिस बमोजिम प्राकृतिक स्रोत ढुवानी गर्ने सवारी साधनबाट शुल्क/दस्तुर आन्तरिक आय संकलन गर्न मू.अ.कर बाहेक रकम रु.१,९६,१४,१००/-(एक करोड छयानब्बे लाख चौध हजार एक सय) मा सूचना प्रकाशन गर्न नगरपालिकालाई सिफारिस गर्ने । |
| ४. | विविध | क) विधेयक समितिको मिति २०८१/११/२२ गतेको बैठकको निर्णयानुसार कृषि तथा पशुपन्छी विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ प्रमाणिकरण गरी लागु गर्ने ।<br>ख) भवन नियमित तथा अभिलेखीकरण ऐन, २०८१ कार्यान्वयन गर्ने, जसका लागि देहायको सूचनाको व्यहोरा समावेश गरी सूचना प्रकाशन गर्ने ।<br>यस नगरपालिका भित्र प्रचलित कानून बमोजिम भवन नक्सा पास सम्बन्धी प्रक्रियामा नआएका, अनुमति लिई संरचनामा हेरफेर, परिवर्तन वा थपघट भएका तथा भवन संहिता लागु हुनु पूर्व र सो पश्चात निर्माण भएका भवनहरुलाई नियमन गर्न यस नगरपालिकाबाट जारी भएको "भवन नियमित तथा अभिलेखीकरण ऐन, २०८१" कार्यान्वयनको लागि यो सूचना जारि गरिएको छ। मिति २०८०/०४/०८ मा जारी भई मिति २०८०/०४/१८ मा स्थगित गरिएको भवन नियमित तथा अभिलेखीकरण कार्यको बाँकी अवधी २५ दिन भित्र भवन नियमित/अभिलेखीकरण गर्नको लागि तपसिलमा उल्लेखित कागजातहरु संलग्न गरी भौतिक रुपमा उपस्थित भई उक्त अवधिभित्र निवेदन पेश गर्नुहुन यो सूचना जारी गरिएको छ। थप जानकारीका लागि यस दक्षिणकाली नगरपलिकाको Website: www.dakshinkalimun.gov.np तथा नगरपालिकाको नक्सा शाखामा सम्पर्क गर्नहुन समेत अनुरोध छ। |

**तपसिलः**

**भवन नियमित/अभिलेखीकरण गर्न पेश गर्नुपर्ने आवश्यक कागजातहरु**

१) जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि -१ प्रति,

२) चालु आर्थिक वर्षसम्मको मालपोत/सम्पत्ति कर तिरेका रसिदको प्रतिलिपी-१ प्रति,

३) नागरिकता प्रमाणपत्रको प्रतिलिपि-१ प्रति,

४) कित्ता नम्बर स्पष्ट भएका नापीको प्रमाणित नक्सा-१ प्रति,

५) पास गरिने नक्सा (डिजाइनर र नक्सावालाको हस्ताक्षर सहित) - ३ प्रति,

६) डिजाईनरको नेपाल इन्जिनियरिङ्ग परिषद दर्ता प्रमाणपत्रको प्रति-१ प्रति,

७) डिजाइनरको प्राविधिक प्रतिवेदन-१ प्रति,

८) भवनको स्ट्रक्चरल एनालाइसिस प्रतिवेदन (आवश्यक भएका) -१ प्रति,

९) माटो परिक्षण प्रतिवेदन (आवश्यक भएका) -१ प्रति,

१०) मञ्जुरीनामा लिई भवन निर्माण गर्ने भएमा कानुन बमोजिम गरिएको मञ्जुरीनामाको सक्कल र नागरिकताको प्रतिलिपि-१ प्रति,

११) भवन निर्माण भएको जग्गामा पुग्ने बाटो प्रष्ट नभएमा बाटो प्रमाणित हुने गरी वडा कार्यालयको सिफारिस, गुठीका जग्गा भए बाटोका लागि कित्ताकाट नहुने तर फिल्डमा बाटो भए गुठीको सिफारिस-१ प्रति,

१२) जग्गा कुनै निकायमा धितोको लागि सुरक्षण राखिएको भए सम्बन्धित निकायबाट स्वीकृति पत्र-१ प्रति,

१३) गुठीको जग्गा भए गुठीको स्वीकृती पत्र र नक्शावाला मोही भएमा जग्गाधनीको र जग्गाधनीले भवन निर्माण गर्ने भएमा मोहीको मन्जुरीनामा-१ प्रति,

१४) नक्सावाला आफै उपस्थित हुन नसक्ने भएमा एकाघरको व्यक्ति वा कानून बमोजिमको गरिएको वारेसनामाको सक्कल र वारेसको नागरिकताका प्रतिलिपि-१ प्रति ।

१५) संस्थागत/व्यापारिक भवनका लागि पेश गर्नु पर्ने थप कागजातहरु

(क) उद्योग दर्ता प्रमाण पत्रको प्रतिलिपि-१ प्रति,

(ख) VAT/PAN दर्ता प्रमाणपत्रको प्रतिलिपि-१ प्रति,

(ग) प्रबन्धपत्र तथा नियमावलीका प्रतिलिपि-१ प्रति,

(घ) नगरपालिकामा व्यवसाय दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी -१ प्रति,

(ङ) संस्थाका निर्णय प्रतिलिपी-१ प्रति ।